# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड ०६) पोखरा, असोज ४ गते, २०८० साल (संख्या ०४**


## भाग ३

### गण्डकी प्रदेश सरकार

### <u>कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचना</u>

### फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८०

**<u>प्रस्तावना:</u>** गण्डकी प्रदेशमा विभिन्न फलफूलका बिरुवा उत्पादन गर्न स्थापना हुने तथा सञ्चालनमा रहेका नर्सरी र उत्पादन हुने बिरुवाको गुणस्तर नियमन गरी माग र आपूर्ति व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ सम्झनु पर्छ।

(ख) "कलमी बिरुवा" भन्नाले सिफारिस गरिएका रुटस्टक र सायन जोडेर तयार गरिएको बिरुवा सम्झनु पर्छ।

(ग) "ग्राफ्टिङ" भन्नाले रुटस्टक र सायन जोडेर कलमी बिरुवा उत्पादन गर्ने प्रकृया सम्झनु पर्छ।

(घ) "नर्सरी धनी" भन्नाले यस निर्देशिका बमोजिम नर्सरी स्थापना गरी सञ्चालन गरिरहेका फर्म, समूह, सहकारी संस्था वा कम्पनीका मुख्य सञ्चालनकर्ता सम्झनु पर्छ।

(ङ) "नर्सरी निरीक्षक" भन्नाले मन्त्रालयले नियुक्त गरेको दफा ८ बमोजिमको निरीक्षकलाई सम्झनु पर्छ।

(च) "नर्सरी" भन्नाले फलफूल बिरुवा, चिया, कफी र अलैंचीको बिरुवा उत्पादन गर्ने स्थान सम्झनु पर्छ।

(छ) "निजी नर्सरी" भन्नाले कुनै समूह, सहकारी संस्था, कम्पनी वा फर्मले यस निर्देशिका बमोजिम सञ्चालन गरेको नर्सरी सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(झ) "प्याकिङ्ग" भन्नाले झ्याउ (Sphagnum moss), माटो, जुटको बोरा, पराल, कोकोपिट, पोलिथिन (सिट/डोरी) Corrugated Box वा अन्य यस्ता माध्यमहरुमा बिरुवालाई उपयुक्त तरिकाले राख्ने कार्यलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ट) "फलफूल बिरुवा" भन्नाले फलफूल बालीको बीउ वा बोटको वानस्पतिक भाग वा अन्य कुनै भागबाट वा तन्तु प्रजनन प्रविधि वा अन्य कुनै प्रविधिबाट तयार गरिएको बिरुवा सम्झनु पर्छ।

(ठ) "फार्म/केन्द्र" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गतका फलफूल बिरुवा उत्पादन गर्ने फार्म/केन्द्र सम्झनु पर्छ।

(ड) "बगैंचा" भन्नाले फलफूल बालीको खेती गरिएको जमिन वा स्थान सम्झनु पर्छ।

(ढ) "बडउड प्रमाणीकरण (Bud Wood Certification)" भन्नाले फलफूल बालीको रोग तथा कीरामुक्त बिरुवा उत्पादनका लागि अवलम्बन गरिने प्रमाणीकरण पद्धति (जसले माउबोट, सायन/बड र कलमी बिरुवाको स्वस्थता प्रमाणित गरिन्छ) सम्झनु पर्छ।

(ण) "वानस्पतिक बिरुवा" भन्नाले फलफूल बालीको बीउ बाहेक बिरुवाको अन्य कुनै पनि भागको प्रयोग गरी प्रसारण बिधि (कटिङ, लेयरिंग, ग्राफ्टिङ, बडिङ, टिस्युकल्चर आदि तरिका) बाट तयार गरिएको बिरुवा सम्झनु पर्छ।

(त) "बिजु बिरुवा" भन्नाले फलफूल बालीको बीउबाट तयार गरिएको बिरुवा सम्झनु पर्छ।

(थ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(द) "माउबोट" भन्नाले वानस्पतिक बिरुवा र बिजु बिरुवा तयार गर्नका लागि विशेष रुपमा छनोट गरी प्रयोगमा ल्याईने स्वस्थ र गुणस्तरीय बोटलाई सम्झनु पर्छ।

(ध) "रुटस्टक" भन्नाले कलमी बिरुवा तयार गर्दा जरातिरको भागको रुपमा प्रयोग हुने बिरुवा सम्झनु पर्छ।

(न) "समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश फलफूल नर्सरी व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(प) "सायन" भन्नाले कलमी बिरुवा तयार गर्दा प्रयोग गरिने माउबोटबाट लिइने उपयुक्त किसिमको हाँगाको टुक्रा/बडलाई सम्झनु पर्छ।

(फ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **प्रदेश फलफूल नर्सरी व्यवस्थापन समितिः** (१) प्रदेशमा सञ्चालनमा रहेका र स्थापना हुने नर्सरीहरुको व्यवस्थापन तथा नियमनको लागि प्रदेशस्तरमा देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) महानिर्देशक, कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश | अध्यक्ष |
| (ख) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) प्रमुख, बाली संरक्षण प्रयोगशाला, गण्डकी प्रदेश | सदस्य |
| (घ) प्रमुख, माटो तथा मल परीक्षण प्रयोगशाला, गण्डकी प्रदेश | सदस्य |
| (ङ) प्रमुख, बीउ बिजन प्रयोगशाला, गण्डकी प्रदेश | सदस्य |
| (च) प्रमुख, बागवानी अनुसन्धान केन्द्र, कास्की | सदस्य |
| (छ) प्रमुख, बागवानी विकास स्रोत केन्द्र, गण्डकी प्रदेश | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुरुप सम्बन्धित विषय विशेषज्ञ, तथा फार्म/केन्द्रको प्रतिनिधि र नर्सरी धनीका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालय बागवानी विकास स्रोत केन्द्रमा रहनेछ।

(४) समितिको बैठक कम्तीमा बर्षको दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

नर्सरी स्थापना, व्यवस्थापन तथा नियमन सम्बन्धमा आवश्यक नीति, नियम तथा मापदण्ड तर्जुमा गरी मन्त्रालयमा सिफारिस गर्ने,

(क) नर्सरी व्यवस्थापनसँग सम्बन्धित निकायहरुलाई नर्सरी व्यवस्थापन तथा नियमन सम्बन्धमा आवश्यक निर्देशन तथा सुझाव प्रदान गर्ने,

(ख) निजी तथा सरकारी क्षेत्रमा सञ्चालित नर्सरीहरुमा उत्पादन गरिने बिरुवाको गुणस्तर सम्बन्धी र बिरुवा ढुवानी सम्बन्धी मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(ग) अन्य प्रदेश तथा बिदेशवाट आयात गरिने फलफूलका बिरुवाका सम्बन्धमा मन्त्रालयलाई आवश्यक नीतिगत परामर्श दिने,

(घ) बिरुवाको माध्यमबाट रोग कीराको प्रकोप फैलिने सम्भावना भएमा बिरुवा ओसारपसार, बिक्री वितरणमा प्रतिबन्धका सम्बन्धमा मन्त्रालयलाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(ङ) फलफूल नर्सरीका विषयमा पर्ने उजुरी/गुनासो/विवादहरुको अन्तिम निरुपणका लागि आवश्यक सहजीकरण गर्ने, गराउने।

४. **निर्देशनालयको जिम्मेवारी:** निर्देशनालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ:-

(क) फलफूल बिरुवा उत्पादन, आयात तथा वितरण कार्यमा संलग्न निकायहरु बीच आवश्यक समन्वय कायम गर्ने,

(ख) वार्षिक रुपमा प्रदेशमा फलफूल बिरुवाको माग तथा आपूर्तिको वासलात तयार गर्ने,

(ग) आवश्यकता अनुरुप विभिन्न फलफूलका बिरुवाहरु, सायन, रुटस्टक तथा माउबोटको नर्सरी, बीउ तथा बेर्नाको गुणस्तर तथा मापदण्डहरुको परिमार्जन गर्न आवश्यक समन्वय गर्ने,

(घ) नर्सरी बिरुवाहरुमा नियमन गरिएका शत्रुजीव (Regulated Non-Quarantine Pests) तथा मिचाहा प्रवृत्तिका प्रजाती (Invasive Alien Species) को प्रकोप देखा परेमा बाली संरक्षण प्रयोगशाला तथा मातहतका निकायहरुलाई तत्काल पहिचान तथा नियमन कार्यको लागि आवश्यक निर्देशन दिने,

(ङ) प्रदेशमा स्थापित नर्सरीहरुमा उत्पादन हुने फलफूल बिरुवाको गुणस्तर कायम गर्न मातहतका निकायहरुलाई आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने/गराउने,

(च) फलफूल बालीको जात/किसिम अनुसार सरकारी फार्म/केन्द्रमा उत्पादित बिरुवाहरुको समय सापेक्ष आधार मूल्य निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(छ) अन्य प्रदेशबाट प्रदेशभित्र, एक जिल्लाबाट अर्को जिल्ला र एक पर्यावरणीय स्थानबाट अर्को पर्यावरणीय स्थानमा बिरुवा ओसारपसार तथा ढुवानी गर्दा रोग कीराको प्रकोप फैलिने सम्भावनाको जोखिम विश्लेषण गर्न लगाई आवश्यकता अनुसार ओसार पसारमा प्रतिबन्ध लगाउन मन्त्रालयमा सिफारिस गर्ने,

(ज) प्रदेशमा फलफूल नर्सरी सम्बन्धी वार्षिक प्रतिवेदन तथा सोसँग सम्बन्धित अन्य विवरण अध्यावधिक गरी राख्ने र माग भएका बखत मन्त्रालयमा पेश गर्ने।

५. **<u>बागवानी विकास स्रोत केन्द्रको जिम्मेवारी:</u>** बागवानी विकास स्रोत केन्द्रको जिम्मेवारी देहाय बमोजिम हुनेछन्:-

(क) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित नर्सरीहरुमा उत्पादन हुने फलफूल बिरुवाको गुणस्तर नियमन तथा नियन्त्रण गर्न समन्वय गर्ने,

(ख) नर्सरीमा उत्पादित बिरुवाको गुणस्तर कायम गर्ने कार्यमा सहयोग गर्ने,

(ग) बाली संरक्षण प्रयोगशाला तथा कृषि ज्ञान केन्द्र सँगको समन्वयमा नर्सरी बिरुवाहरुमा खतराजन्य तथा निषेधित रोग, कीराको पहिचान गरी निर्देशनालयमा जानकारी गराउने,

(घ) अनुमतिपत्र प्राप्त नगरेका नर्सरीहरुबाट बिरुवाको उत्पादन तथा बिक्री वितरण नियन्त्रणको लागि सम्बन्धित निकायहरुबीच आवश्यक समन्वय गर्ने,

(ङ) फलफूल नर्सरी स्थापना तथा व्यवस्थापन र बिरुवाको गुणस्तर मापदण्ड सम्बन्धी आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने/गराउने,

(च) स्रोत बीउ एवं बिरुवा व्यवस्थापनमा आवश्यक समन्वय गर्ने,

(छ) नर्सरी निरीक्षकको लागि आवश्यक तालिम सञ्चालन गर्ने र परीक्षा लिने,

(ज) समितिको सचिवालयको रुपमा अन्य आवश्यक कार्यहरु गर्ने।

६. **<u>कृषि ज्ञान केन्द्रको जिम्मेवारी:</u>** कृषि ज्ञान केन्द्रको जिम्मेवारी देहाय बमोजिम हुनेछन्:-

(क) निजी नर्सरी दर्ताको लागि प्राविधिक समन्वय गर्ने,
(ख) नर्सरी धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,
(ग) दफा ११ को उपदफा (४) बमोजिम दर्ता भएका फलफूल नर्सरीहरुको सूचीकरण गर्ने,
(घ) नर्सरी बिरुवाहरुमा खतराजन्य तथा निषेधित रोग, कीराहरुको आशंका भएमा पहिचान तथा व्यवस्थापनको लागि बाली संरक्षण प्रयोगशालासँग आवश्यक समन्वय गर्ने,
(ङ) निजी नर्सरीमा उत्पादित बिरुवाको गुणस्तर कायम गर्न आवश्यक कार्य गर्ने, गराउने,
(च) फलफूल नर्सरी तथा बिरुवाको गुणस्तर तथा अन्य प्राविधिक विषयमा आवश्यक प्रचार प्रसार गर्ने/गराउने,
(छ) नर्सरी निरीक्षण, गुणस्तर परीक्षण तथा प्रमाणीकरण प्रक्रियामा नर्सरी निरीक्षकलाई आवश्यक सहयोग गर्ने,
(ज) नर्सरी धनीहरुलाई बिरुवा उत्पादन तथा बिक्रीको अभिलेख व्यवस्थापन गर्न लगाउने,
(झ) जिल्लाभित्र वार्षिक रुपमा फलफूल बिरुवाको माग तथा उत्पादित बिक्रीयोग्य फलफूल बिरुवाको विवरण निर्देशनालयमा पठाउने,
(ञ) नर्सरी धनी कृषकहरुलाई प्राविधिक तालिम सञ्चालन गर्ने,
(ट) फलफूल बिरुवा बिक्री वितरण हुनु पूर्व नर्सरी धनीहरुबाट प्राप्त निवेदनको आधारमा नर्सरीको स्थलगत अनुगमन गरी बिरुवाको निरोगिता र गुणस्तर प्रमाणीकरणको लागि नर्सरी निरीक्षकलाई आवश्यक प्राविधिक सहयोग गर्ने,
(ठ) अनुमतिपत्र प्राप्त नगरी सञ्चालन भएका नर्सरीहरु भेटिएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तह र

तालुक निकायसँगको समन्वयमा बिरुवा उत्पादन तथा बिक्री वितरणमा प्रतिबन्ध लगाउन आवश्यक भूमिका निर्वाह गर्ने।

७. **<u>स्थानीय तहको भूमिकाः</u>** यस निर्देशिका कार्यान्वयनको लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछन्ः-

(क) स्थानीय तहमा दर्ता भई सञ्चालनमा रहेका निजी नर्सरीहरु, बिरुवा उत्पादन र बिक्रीको विवरण राख्ने/राख्न लगाउने,

(ख) नर्सरी तथा बिरुवाको गुणस्तर कायम गर्नका लागि अनुगमन तथा प्राविधिक सहयोग गर्ने,

(ग) फलफूल नर्सरी तथा बिरुवाको गुणस्तर सम्बन्धी प्राविधिक विषयमा कृषि ज्ञान केन्द्र तथा अन्य सम्बन्धित निकायसँग समन्वय गर्ने,

(घ) दर्ता नभई सञ्चालनमा रहेका एवं गुणस्तरहीन बिरुवा बिक्री वितरण गरेको पाइएमा जिल्ला प्रशासन कार्यालय, नर्सरी निरीक्षक तथा कृषि ज्ञान केन्द्रसँग समन्वय गरी बिक्री वितरणमा प्रतिबन्ध लगाउने,

(ङ) निर्देशिकाको कार्यान्वयनका लागि अन्य आवश्यक कार्य गर्ने।

८. **<u>नर्सरी निरीक्षक सम्बन्धी व्यवस्थाः</u>** (१) यस निर्देशिका बमोजिम फलफूल बिरुवाको गुणस्तर परीक्षण, अनुगमन, नियमन तथा प्रमाणीकरण कार्यमा सहयोग गर्न देहायको योग्यता पुगेको सरकारी निकायमा कृषि सेवाको कम्तीमा अधिकृतस्तर पदमा कार्यरत निजामती कर्मचारीलाई मन्त्रालयले नर्सरी निरीक्षकको रुपमा कार्य गर्न तोक्नेछ।

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको,

(ख) नर्सरी निरीक्षकको तालिम लिई नर्सरी निरीक्षकको परीक्षा उत्तीर्ण भएको।

(२) नर्सरी निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नर्सरी दर्ताका लागि प्राविधिक अनुगमन गरी सोको प्रतिवेदन कृषि ज्ञान केन्द्रमा पेश गर्ने,

(ख) निजी क्षेत्रबाट सञ्चालित नर्सरीमा उत्पादन हुने फलफूल बिरुवाको गुणस्तर नियमन गर्न गराउनका लागि समय-समयमा अनुगमन गर्ने,

(ग) एक आर्थिक वर्षमा कम्तीमा दुई पटक नर्सरी अनुगमन गरी न्यूनतम मापदण्ड पूरा गरे नगरेको यकिन गर्ने,

(घ) नर्सरी अनुगमनबाट बिक्रीयोग्य बिरुवाहरूको परिमाण निर्धारण गर्ने,

(ङ) नर्सरी धनीको अनुमतिपत्र निरीक्षण गर्ने र अनुमतिपत्र नलिई बिरुवा उत्पादन तथा बिक्री वितरण गरेको पाइएमा सोको लिखित जानकारी कृषि ज्ञान केन्द्रमा दिने,

(च) नर्सरी निरीक्षण गरी अनुसूची-१ बमोजिम बिक्री योग्य प्रमाणित बिरुवाको गुणस्तर परीक्षण तथा मूल्याङ्कन विवरण तयार गर्ने,

(छ) अनुसूची-२ बमोजिमको गुणस्तर प्रमाणीकरणको तीन प्रति फाराम तयार गर्ने, यसरी तयार भएको फारम एक एक प्रति नर्सरी धनी र कृषि ज्ञान केन्द्रलाई दिई एक प्रति आफैसँग सुरक्षित राख्ने,

(ज) अलैंची तथा सुन्तलाजात फलफूल नर्सरीको हकमा आवश्यकता अनुसार पीसीआर (PCR) तथा एलाइजा (ELISA) परीक्षण गर्न लगाउने,

(झ) मन्त्रालय, समिति, निर्देशनालय र कृषि ज्ञान केन्द्रको निर्देशन अनुसारका अन्य कार्य गर्ने गराउने।

९. **<u>सूचीकृत/अनुमतिपत्र प्राप्त नर्सरी धनीको जिम्मेवारीः</u>** (१) नर्सरी धनीले अनुसूची-३ मा तोकिए बमोजिमका मापदण्ड अनुसारका बिरुवा उत्पादन गर्नुपर्नेछ।

(२) दर्ता प्रमाण पत्र र बिरुवा उत्पादन तथा बिक्री वितरणको अनुमतिपत्र वा सोको प्रतिलिपि बिक्री कक्षमा देखिने गरी राख्नुपर्नेछ।

(३) निजी नर्सरीधनीले फलफूल बिरुवा उत्पादनको निम्ति बिरुवाको जात, माउबोट र रुटस्टक सहितको अनुसूची-४ बमोजिमको अभिलेख राख्नुपर्नेछ।

(४) माउबोटहरुलाई रेखाङ्कन गरी जातीय पहिचान खुलाई टयागिङ्ग गरी राख्नुपर्नेछ।

(५) फलफूल बिरुवा बिक्री वितरण हुनु पूर्व बिरुवाको गुणस्तर प्रमाणीकरणको लागि सम्बन्धित कृषि ज्ञान केन्द्रमा निवेदन दिनुपर्ने छ।

(६) बिरुवाहरु राम्रोसँग प्याकिङ्ग गरेर तथा प्रष्टसँग बालीको किसिम र जात खुलेको संकेत/निस्सा राखेर मात्र बिक्री वितरण गर्नुपर्नेछ।

(७) नर्सरी धनीहरुले बिक्री कक्षमा देखिने गरी फलफूल बिरुवाको बिक्री मूल्य सूची तयार गरी राख्नुपर्नेछ।

(८) नर्सरी निरीक्षकले गुणस्तरयुक्त भनी प्रमाणित गरेको बिरुवा मात्र बिक्री वितरण गर्नुपर्नेछ।

(९) नर्सरीमा उत्पादित बीउ/बेर्नामा रोग तथा कीराको महामारी (संक्रमण) फैलिएमा नर्सरी निरीक्षक र स्थानीय तहका प्रतिनिधिहरुको रोहवरमा संक्रमित बिरुवाहरु नष्ट गर्नुपर्नेछ।

(१०) नर्सरी निरीक्षक तथा अन्य नियामक निकायले नर्सरी सम्बन्धी कुनै कागजात हेर्न वा सञ्चालित कार्यको निरीक्षण गर्न चाहेमा सोको व्यवस्था मिलाउनु नर्सरी धनीको कर्तव्य हुनेछ।

(११) नर्सरी निरीक्षकले दिएको प्राविधिक सल्लाह र निर्देशन बमोजिम नर्सरीमा व्यवस्थापन कार्य गर्नुपर्नेछ।

## परिच्छेद-३

## निजी नर्सरी स्थापनाको लागि योग्यता, दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था

१०. **निजी नर्सरी स्थापनाको लागि योग्यताः** (१) नर्सरी स्थापना गर्ने स्थान सम्बन्धित बाली/बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त हुनुपर्नेछ।

(२) फलफूल निजी नर्सरी स्थापना गर्न माउबोट र रुटस्टक व्यवस्थापन समेतका लागि जमिन, सिँचाइ लगायतका स्रोतसाधन पर्याप्त रुपमा हुनुपर्नेछ।

(३) जग्गा लिजमा लिएको भए कम्तीमा १० वर्ष अवधिको हुनुपर्नेछ।

(४) जालीघरमा फलफूलको बेर्ना उत्पादनको लागि कम्तीमा १ रोपनी क्षेत्रफल र खुला जग्गामा फलफूलको नर्सरी बनाउँदा कम्तीमा २ रोपनी क्षेत्रफल हुनुपर्नेछ।

(५) निजी नर्सरी स्थापना गर्न इच्छुक व्यक्तिले कम्तीमा ३ कार्यदिनको फलफूल नर्सरी स्थापना तथा व्यवस्थापन सम्बन्धी तालिम लिएको हुनुपर्नेछ तर, यस निर्देशिका स्वीकृत हुनुपूर्व सञ्चालनमा रहेका नर्सरी धनीहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्रले सो सम्बन्धी तालिमको व्यवस्था मिलाउनेछ।

(६) नर्सरी धनीले नर्सरी स्थापना गर्ने स्थानको अनिवार्य रुपमा माटोको रासायनिक तथा जैविक अवस्थाको परीक्षण गरेको हुनुपर्नेछ र माटो परीक्षण प्रतिवेदनमा गरिएको सिफारिस कार्यान्वयन गर्नुपर्नेछ।

(७) खुला स्थानमा सुन्तलाजात फलफूल नर्सरी स्थापना गर्न समुद्री सतहबाट कम्तीमा १२०० मिटर भन्दा माथिको क्षेत्र हुनुपर्नेछ।

(८) समुद्री सतहबाट १२०० मिटर भन्दा तलको क्षेत्रमा सुन्तलाजात फलफूल नर्सरी स्थापना गर्दा माउबोट, रुटस्टक र कलमी बिरुवाको लागि छुट्टाछुट्टै पूर्ण नियन्त्रित जाली घर बनाएर मात्र उत्पादन गर्नुपर्नेछ तर समुद्री सतहबाट ८०० मिटर भन्दा तलको क्षेत्रमा सुन्तला (Mandarin Orange) र जुनारको नर्सरी स्थापना गर्न पाइने छैन।

(९) सुन्तलाजात फलफूल नर्सरी स्थापना गर्ने क्षेत्र वरिपरी कामिनी, बेल, कडीपत्ता, आकासेबेली, असारे लगायतका सिट्रस सिल्ला (Citrus psylla) को बैकल्पिक आश्रयदाता बनस्पतिका बोटहरु नभएको हुनुपर्नेछ।

११. **<u>निजी नर्सरी दर्ता गर्नुपर्ने</u>:** (१) निजी फलफूल नर्सरी स्थापना गर्न चाहने व्यक्ति/संस्थाले सम्बन्धित स्थानीय तहमा अनुसूची-५ बमोजिमको निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर सम्बन्धित स्थानीय तहले प्राविधिक उपयुक्तताको सिफारिसको लागि कृषि ज्ञान केन्द्रमा पत्राचार गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पत्र प्राप्त भएपछि सम्बन्धित स्थानीय तहको कृषि प्राविधिक र नर्सरी निरीक्षकको सहभागितामा कृषि ज्ञान केन्द्रले नर्सरी स्थापना गर्ने क्षेत्रको स्थलगत अनुगमन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थलगत अनुगमन पश्चात प्राविधिक रुपमा उपयुक्त देखिएमा कृषि ज्ञान केन्द्रको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहले नर्सरी दर्ता गरी अनुसूची-६ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ।

(५) उपदाफा (४) बमोजिम दर्ता भएको नर्सरी व्यवसायको नवीकरण सम्बन्धी व्यवस्था स्थानीय तहले तोके बमोजिम हुनेछ।

१२. **<u>बिरुवा उत्पादन तथा बिक्री वितरणको अनुमतिपत्र नवीकरण</u>:** (१) दफा ११ बमोजिम दर्ता भएका निजी नर्सरी धनीले दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित

सूचीकरण तथा फलफूल बिरुवा उत्पादन एवं बिक्री वितरण सम्बन्धी कारोबार गर्ने अनुमतिका लागि कृषि ज्ञान केन्द्रमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका निवेदन उपर आवश्यक छानविन गरी कृषि ज्ञान केन्द्रले नर्सरी सूचीकरण गरी अनुसूची-७ बमोजिम बिरुवा उत्पादन तथा बिक्री वितरण गर्ने अनुमतिपत्र प्रदान गर्नेछ। यसरी प्रदान गरिएको अनुमति पत्रको म्याद तीन वर्षको हुनेछ।

(३) निजी नर्सरी धनीले उपदफा (२) बमोजिम सूचीकरण भएको नर्सरीको बिरुवा उत्पादन तथा बिक्री वितरणको अनुमति पत्रको म्याद समाप्त हुनु भन्दा पैतीस दिन अगाडि देखि म्याद कायम रहेसम्मको अवधि भित्र कृषि ज्ञान केन्द्रमा अनुमतिपत्र नवीकरणका लागि निवेदन दिनुपर्नेछ।

(४) अनुमति पत्रको म्याद समाप्त भएको तीन महिना सम्म समयमै नवीकरण हुन नसक्नाको मनासिव कारण खुलाई नवीकरणको लागि निवेदन दिन सक्नेछ। यसरी निवेदन दिँदा पाँच सय रुपैयाँ शुल्क तिर्नुपर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको निवेदन साथ म्याद कायम रहेको दर्ता/नवीकरण प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।यसरी प्राप्त निवेदन उपर स्थलगत अनुगमन गर्दा तोकिएको मापदण्ड पूरा भएको पाइएमा अनुमतिपत्रको नवीकरण गरिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस निर्देशिका लागु हुनु पूर्व स्थापना भई सञ्चालनमा रहेका निजी नर्सरीहरु यो निर्देशिका लागु भएपछि दफा ९ को उपदफा (३) बमोजिम विवरण तयार गर्नुका साथै दफा १० मा तोकिएको योग्यताको आधार पुरा गरी ६ महिना भित्र दफा १२ को उपदफा (२) बमोजिम सूचीकृत भई अनुमतिपत्र लिनुपर्नेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी फार्म/केन्द्र तथा अनुसन्धान केन्द्रहरुमा सञ्चालित नर्सरीहरुले दर्ता एवं अनुमतिपत्र लिनुपर्ने छैन तर सूचीकृत हुनुपर्नेछ।

(८) उपदाफा (५) र (६) बमोजिम नवीकरण तथा सूचीकरण नहुने निजी नर्सरीहरुले उत्पादन भएका बिरुवाको बिक्री वितरण गर्न पाउने छैनन्।

## परिच्छेद-४

## बिरुवा उत्पादन, ओसार पसार तथा बिक्री वितरणः

१३. **फलफूल बिरुवा उत्पादन प्रक्रियाः** (१) अनुमतिपत्र प्राप्त निजी नर्सरीधनी तथा सरकारी फार्म/ केन्द्रहरुले तोकिएको मापदण्ड बमोजिमको बालीहरुको जात, बीउ, रुटस्टक, सायन मात्र प्रयोग गर्नुपर्नेछ।

(२) बिरुवा उत्पादनको लागि आधिकारिक स्रोतबाट रोग/कीरा नियन्त्रण एवं व्यवस्थापन गरी हुर्काएको बिरुवा छनोट गरी माउबोटको रुपमा लगाउनुपर्नेछ।

(३) बगैंचा तथा नर्सरीमा देखिने संक्रामक रोग, कीरा तथा अन्य समस्याहरुको प्रकोपबाट बचाउन नर्सरीधनीले बार्षिक रुपमा गरेका व्यवस्थापनका क्रियाकलापहरुको अभिलेख नर्सरी निरीक्षकबाट जाँच गराई राख्नुपर्नेछ।

(४) कुनै संक्रामक रोग/कीरा रहित उच्च गुणस्तरको माउबोटबाट सायन लिने, रुटस्टकको लागि बीउ संकलन गर्ने र सिफारिस गरिएका रुटस्टकको प्रयोग तथा सिफारिस गरिएको कलमी विधि अपनाउनुपर्नेछ।

(५) सुन्तलाजात फलफूल बालीमा बडउड सर्टिफिकेसन (Budwood Certification) प्रविधि अपनाई बिरुवा उत्पादन गर्ने नर्सरी धनीहरूले देहाय बमोजिमका विधि अपनाउनुपर्नेछः-

(क) सुन्तलाजात माउबोट बगैंचाको हरेक २ वर्षमा सिट्रस ग्रिनिङ रोगका लागि पिसिआर (PCR- Polymerase Chain Reaction) परीक्षण वा इन्डेक्सिङ (Biological Indexing) तथा ट्रिस्टेजा भाइरस (CTV- Citrus Tristeza Virus) रोगका लागि एलाइजा

(ELISA-Enzyme-linked Immune Sorbent Assay) परीक्षण गर्नुपर्नेछ। यसरी परीक्षण गर्दा माउबोट स्वस्थ भएको नतिजा प्राप्त भएमा मात्र सायनको रूपमा प्रयोग गर्नुपर्नेछ।

(ख) बिरुवा उत्पादनका लागि आधिकारिक स्रोतबाट रोग (सिट्रस ग्रिनिङ र ट्रिस्टेजा भाइरस) नलागेको प्रमाणित गरिएको बिरुवा छनोट गरी माउबोटको रूपमा लगाउनुपर्नेछ।

(ग) माउबोटका साथै ग्राफ्टिङ गर्नका लागि प्रयोग गरिने रुटस्टक बिरुवा समेत जालीघर भित्रै सुरक्षित तवरले उमार्नु र हुर्काउनुपर्नेछ।

(घ) जालीघरमा उत्पादित रोगमुक्त रुटस्टक र सायनको प्रयोग गरी कलमी गरेको बिरुवा समेत जालीघर भित्रै हुर्काउनुपर्नेछ।

(ङ) प्रत्येक वर्ष माटोमा शुक्ष्म तत्वको अवस्था र हानिकारक जीवाणुको अवस्था बारे माटो परीक्षण गराई नतिजाको आधारमा सिफारिस गरिए बमोजिमका कार्यहरु गर्नुपर्नेछ।

**१४. बिरुवाको ढुवानी, ओसारपसार तथा बिक्री वितरण गर्दा अपनाउनु पर्ने विधिः**

(१) निजी नर्सरी, सरकारी फार्म/केन्द्र तथा बिरुवा बिक्री वितरण कार्यमा संलग्न सबै व्यक्ति, संस्था वा निकायले बिरुवाको प्याकिङ्ग, ढुवानी तथा ओसारपसार गर्दा सावधानी अपनाउनु पर्नेछ।

(२) फलफूल बिरुवा एक जिल्लाबाट अर्को जिल्ला एक स्थानीय तहबाट अर्को स्थानीय तह लैजादा नर्सरी निरीक्षकले प्रदान गरेको गुणस्तर प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ।

(३) अन्य प्रदेशबाट प्रदेश भित्र बिरुवा ओसारपसार गर्दा यस निर्देशिका बमोजिमको गुणस्तर मापदण्ड पूरा गरेको व्यहोरा सहित सम्बन्धित प्रदेश सरकार मातहतको जिल्लास्थित कृषि क्षेत्र हेर्ने निकायले प्रदान गरेको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

(४) विदेशबाट प्रदेश भित्र बिरुवा ओसारपसार गर्दा सम्बन्धित निकायबाट प्रदान गरिने बिरुवा आयातको अनुमतिपत्र तथा बिरुवा स्वस्थताको प्रमाणपत्र (Phytosanitary Certificate) पेश गर्नुपर्नेछ।

(५) नर्सरी धनीले आफूले उत्पादन तथा बिक्री वितरणका लागि गुणस्तर प्रमाणित बिरुवाको विवरण बिक्री गर्नु पूर्व कम्तीमा एक महिना अगावै र बिक्री वितरण गरिएका बिरुवाको बिक्री वितरण भएको एक महिना भित्र अनुसूची-८ बमोजिमको ढाँचामा कृषि ज्ञान केन्द्रमा पठाउनु पर्नेछ।

१५. **<u>मापदण्ड नपुगेका बिरुवाको व्यवस्थापन:</u>** (१) गुणस्तर प्रमाणीकरण पत्र प्राप्त गर्न नसकेका बिरुवाहरुको बिक्री वितरण गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम बिक्रीको लागि गुणस्तर प्रमाणीकरण प्राप्त गर्न नसकेका बिरुवाहरुमा थप व्यवस्थापन तथा उपचार गरी बिक्री गर्न योग्य हुनसक्ने देखिएमा नर्सरी निरीक्षकले आवश्यक प्राविधिक परामर्श तथा निर्देशन दिन सक्नेछ। उक्त निर्देशन पालना गर्नु नर्सरी धनीको कर्तव्य हुनेछ।

(३) बिरुवाको माध्यमबाट रोग कीराको प्रकोप फैलिने सम्भावना देखिएमा नर्सरी निरीक्षक तथा स्थानीय तहका प्रतिनिधिको रोहबरमा बिरुवा नष्ट गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम बिरुवा नष्ट गर्दा सम्बन्धित नर्सरीधनीलाई क्षतिपूर्ति दिइने छैन।

(५) उपदफा (२) बमोजिम नर्सरी निरीक्षकको सुझाव र निर्देशन पालना गरी नर्सरी धनीले बिरुवा उपचार गरेमा पुनः गुणस्तर प्रमाणीकरणका लागि निवेदन दिन सक्नेछ। यसरी प्राप्त निवेदन बमोजिम पुनः परीक्षण गर्दा बिरुवा गुणस्तरयुक्त पाइएमा सोको प्रमाणीकरण पश्चात मात्र बिक्री वितरणका लागि सिफारिस गर्न सकिनेछ।

१६. **<u>बिक्री वितरणमा प्रतिबन्धः</u>** अनुमतिपत्र प्राप्त नगरेका, निलम्बनमा परेका र दर्ता तथा बिक्री वितरण अनुमतिपत्र खारेजीमा परेका र तोकिएको मापदण्ड

पूरा नगरेका नर्सरीहरुमा उत्पादित फलफूल बिरुवाको बिक्री वितरणमा गर्न पाइने छैन।

## परिच्छेद-५

## विविध

१७. **निलम्बन तथा खारेजीः** (१) कुनै निजी नर्सरीले बिरुवा उत्पादन गर्दा यस निर्देशिकाले तोके बमोजिम गुणस्तर मापदण्ड तथा प्रक्रिया अवलम्वन नगरेको, गुणस्तरहीन बिरुवा बिक्री गरेको वा उक्त नर्सरीमा उत्पादित बिरुवाबाट क्षति भएको पाइएमा स्थानीय तहको कृषि प्राविधिक, नर्सरी निरीक्षक तथा कृषि ज्ञान केन्द्रले संयुक्त रुपमा अनुगमन गरी सुधारका क्षेत्रहरु पहिचान गरेर नर्सरी धनीलाई लिखित जानकारी सहित सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा सुझावको पालना नगरेमा कृषि ज्ञान केन्द्रले उत्पादन तथा बिक्री वितरणको अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम भएको कार्वाही उपर चित्त नबुझे नर्सरी धनीले उपदफा (२) बमोजिम अनुमति खारेज गर्ने निर्णय गरेको पन्ध्र दिन भित्र निर्देशनालयमा लिखित रुपमा उजुरी गर्न सक्नेछ। यसरी परेको उजुरी उपर निर्देशनालयले आवश्यक छानविन तथा निर्णय गरी सम्बन्धित उजुरीकर्ता र कृषि ज्ञान केन्द्रलाई जानकारी दिनेछ।

(४) नर्सरी धनीले नर्सरी दर्ता तथा अनुमतिपत्र खारेज गरी पाऊँ भन्ने व्यहोराको लिखित निवेदन दिएमा अनुमतिपत्र खारेज हुनेछ।

१८. **अनुगमन सम्वन्धी व्यवस्थाः** (१) यस निर्देशिका बमोजिम नर्सरीहरुको अनुगमन मन्त्रालय, निर्देशनालय, बागवानी विकास स्रोत केन्द्र, कृषि ज्ञान केन्द्र एवं स्थानीय तहले गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुगमनको क्रममा दिईएको सुझाव एवं निर्देशन पालना गर्नु सम्बन्धित नर्सरीधनीको कर्तव्य हुनेछ।

१९. **गुनासो तथा उजुरीको व्यवस्थाः** यस निर्देशिका कार्यान्वयनका सम्बन्धमा भएका निर्णयमा चित्त नबुझेमा कृषि ज्ञान केन्द्रबाट भएका निर्णय उपर निर्देशनालय र निर्देशनालयबाट भएका निर्णय उपर मन्त्रालयमा उजुरी दिन सकिनेछ।

२०. **प्रचलित कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख भएका विषय यसै निर्देशिका बमोजिम र यस निर्देशिकामा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउनेः** यस निर्देशिकामा भएको व्यवस्थाका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भई बाधा अड्काउ फुकाउनु परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

## अनुसूची -१

(दफा ८ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

## नर्सरी निरीक्षण तथा बिरुवा/बेर्नाको गुणस्तर परीक्षण तथा मूल्याङ्कन

नर्सरीको नामः

नर्सरी धनीको नामः ठेगानाः

नर्सरी स्थापना वर्षः

सम्पर्क नम्बरः

नर्सरी निरीक्षकको नामः

निरीक्षण मितिः

**(क) नर्सरीमा उत्पादित बिरुवाको अवस्थाः**

| क्र.सं. | बिरुवाको किसिम | जात | बिरुवा संख्या: कलमी | बिरुवा संख्या: बिजु | बिरुवा संख्या: अन्य* | बिरुवा संख्या: जम्मा | बिरुवाको अवस्था: उमेर | बिरुवाको अवस्था: उचाई (सरदर) | बिक्रीयोग्य बिरुवा संख्या: कलमी | बिक्रीयोग्य बिरुवा संख्या: बिजु | अन्य* | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोटः अन्य* भन्नाले कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादित बिरुवा बुझ्नुपर्छ।

**(ख) बिरुवामा रोग कीराको अवस्थाः**

| क्र.स. | बिरुवाको किसिम | जात | बिरुवामा देखिएको रोग कीराको नाम | रोग कीराको प्रकोप | | | उपचार गरेपछि रोग कीराको नियन्त्रण हुन | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | न्यून | मध्यम | बढी | सक्ने | नसक्ने | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नर्सरी निरीक्षकको हस्ताक्षरः ..................

नामः

मितिः

## अनुसूची-२

(दफा ८ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

## बिरुवाको गुणस्तर प्रमाणीकरण फारम

नर्सरीको नामः

नर्सरी धनीको नामः

ठेगानाः

सम्पर्क नम्बरः

**(१) सुन्तलाजात बिरुवाहरुको विवरणः**

| क्र. सं. | बिरुवाको किसिम | जात | ग्रिनिङ रोग | | ट्रिस्टेजा भाइरस | | अन्य रोग कीराको अवस्था | | बिक्रीयोग्य बिरुवाको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागेको | नलागेको | लागेको | नलागेको | सामान्य | बढी | | | |
| | | | | | | | | | कलमी | बिजु | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

- ग्रिनिङ रोग र ट्रिस्टेजा भाइरस रोग लागेको जस्तो लक्षण देखा परेमा प्रयोगशाला परीक्षणको लागि सिफारिस गर्ने

**(२) स्याउ बिरुवाहरुको विवरणः**

| क्र.सं. | बिरुवाको किसिम | जात | क्राउन गल रोग | | बोक्रा खुइलिने रोग | | सान जोस स्केल | | अन्य रोग कीराको अवस्था | | बिक्रीयोग्य बिरुवाको संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लागेको | नलागेको | लागेको | नलागेको | लागेको | नलागेको | सामान्य | बढी | कलमी | बिजु | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**(३) अन्य हिउँदे तथा वर्षे बिक्रीयोग्य बिरुवाको विवरणः**

| क्र.सं. | बिरुवाको किसिम | जात | रोग | रोगको अवस्था | | कीरा | कीराको प्रकोप | | बिक्रीयोग्य बिरुवा संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सामान्य | बढी | | सामान्य | बढी | कलमी | बिजु | अन्य* | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नोटः अन्य* भन्नाले कलमी बाहेक अन्य कुनै वानस्पतिक तरिकाबाट उत्पादित बिरुवा बुझ्नुपर्छ।

**(४) अन्य विवरण (भएमा खुलाउने)...................................**

नर्सरी निरीक्षकको नामः.................................

दस्तखतः.........................

सम्पर्क नम्बरः......................  ईमेलः...................................

मितिः............................

## अनुसूची-३

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## नर्सरी बिरुवाको गुणस्तर मापदण्ड

### १. विभिन्न फलफूलका कलमी बिरुवाहरुको न्यूनतम मापदण्डः

| क्र.सं. | फलफूलको नाम | कलमी गरेपछिको उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | दाँते ओखर, पिकान (चुच्चे ओखर), कागजी बदाम, कटुस, मेकाडेमिया नट, किवी | १–२ | १.५–२ |
| २. | स्याउ, नासपाती, आरु, आरुबखडा | १–२ | २–३ |
| ३. | चेरी | १–२ | १.५–३ |
| ४. | खुर्पानी | १–२ | १.५-२.५ |
| ५. | हलुवावेद | १–२ | १.५–३ |
| ६. | लप्सी | १–२ | २-३ |
| ७. | सुन्तला, जुनार | १–२ | १.५–२.५ |
| ८. | कागती, मुन्तला | १–२ | १-१.५ |
| ९. | निबुवा, भोगटे, चाक्सी, बिमिरो | १–२ | १–२ |
| १०. | आँप, एभोकाडो, रुखकटहर | १–२ | १.५–३ |
| ११. | सपोटा | १–२ | १.५–२ |
| १२. | लौकाट | १–२ | १–२ |
| १३. | अंगुर, जैतुन | १–२ | १.५–३ |

### २. विभिन्न फलफूलको बिजु बिरुवाको न्यूनतम मापदण्डः

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | दाँते ओखर | १–२ | १–२ |

| | | | |
|---|---|---|---|
| २. | कागजी बदाम, पिकान (चुच्चे ओखर), निबुवा, रुखकटहर, नरिवल, मेकाडेमियानट, एभोकाडो, सुपारी, अमला, सरीफा, अम्बा, बयर, बेल, जैतुन, लौकाट | १–२ | १–२ |
| ३. | कटुस | २ | १-२ |
| ४. | सुन्तला, जुनार | १-२ | १.५-२.५ |
| ५. | कागती, चाक्सी | १–२ | १–१.५ |
| ६. | मेवा | ४५ दिन | १–१.५ |
| ७. | कफी | १-१.५ | १–१.५ |
| ८. | चिया | | |

**३. विभिन्न फलफूलको कटिङ बिरुवा**

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | अनार, अंगुर, अंजिर, हेजलनट | १-२ | १.५–२.५ |
| २. | जैतुन | १–२ | १–२ |
| ३. | स्ट्रबेरी | ३–६ महिना | १-१.५ |
| ४. | सिउँडी फल (ड्रागन फ्रुट) | ६–१२ महिना | १–१.५ |

**४. कटिङ र कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादन गरिएका फलफूलका बिरुवा**

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | | १–२ | १–२ |
| २. | अम्बा | १–२ | १.५–२.५ |
| ३. | भुईंकटहर | ६ महिना | १ |
| ४. | केरा (सकर्स) | १– ३ महिना | १–२ |
| ५. | केरा (टिस्युकल्चर) | १-१.५ महिना | ०.५–१ |

**५. स्क्रिनघर भित्र उत्पादित प्रमाणीकरण गरेको सुन्तलाजात फलफूलको कलमी बिरुवाः**

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | सुन्तला, जुनार | १–२ | १.५–२.५ |
| २. | कागती, निबुवा | १–२ | १–१.५ |

**६. फलफूलको रुटस्टक बिरुवा**

| क्र.सं. | फलफूलको नाम | उमेर (वर्ष) | उचाई (फिट) |
|---|---|---|---|
| १. | स्याउ, लप्सी | १–२ | १.५–२.५ |
| २. | इडीमयल, हाडे ओखर, हलुवावेद, क्रेब एप्पल, तिनपाते सुन्तला, सिट्रेन्ज, ज्यामिर, आरु (स्थानीय), किवी, जैतुन, कागजी बदाम, स्थानीय खुर्पानी | १–२ | १–२ |
| ३. | आँप | ८-१० महिना | १–२ |
| ४. | चेरी | १–२ | १.५–३ |

**७. विभिन्न फलफूलका कलमी बिरुवा उत्पादनको लागि प्रयोग गरिने हाँगा (सायन) को मापदण्डः**

| क्र.सं. | फलफूलको नाम | सायन लिने हाँगाको उमेर (महिना) | कैफियत |
|---|---|---|---|
| १ | स्याउ, नासपाती, आरु, आरुबखडा, किवी, ओखर, चुच्चेओखर, लप्सी, हलुवावेद, कागजी बदाम, चेरी | ८-१२ | |
| २ | सुन्तला, जुनार, कागती, भोगटे, मुन्तला, एभोकाडो, जैतुन, आँप, अनार, अंगुर | ६-१२ | |

नोटः

१. उन्नत जातको बिरुवालाई प्राथमिकता दिनुपर्ने र जातीय शुद्धता भएको बिरुवा हुनुपर्नेछ।

२. कलमी प्रविधि उपयुक्त हुने फलफूलको हकमा कलमी गरिएको बिरुवालाई प्राथमिकता दिनुपर्नेछ।

३. कलमी गरेको भाग जमिनको सतहबाट कम्तीमा १० सेमी माथि हुनुपर्नेछ।

४. सुन्तलाजात फलफूलको हकमा सिट्रस ग्रिनिङ् र सिट्रस ट्रिष्टेजा भाइरस मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनुपर्नेछ भने अन्य फलफूलको हकमा समेत संक्रामक रोग/किरा मुक्त छ भन्ने प्रमाणित भएको बिरुवा हुनुपर्नेछ।

५. स्याउको बिरुवाको हकमा क्राउन गल र डडुवा रोग (Fire Blight) नलागेको हुनुपर्नेछ।

६. केराको हकमा Panama Wilt रोग नलागेको हुनुपर्नेछ।

७. कफीमा Coffee Rust तथा कफीको सेतो गबारो नलागेको हुनुपर्नेछ।

८. अलैंचीमा छिर्के/फुर्के र गानोको सडन नलागेको हुनुपर्ने।

९. लिचीमा Litchi Rust रोग नलागेको हुनुपर्नेछ।

१०. अम्बामा Guava Wilt रोग नलागेको हुनुपर्नेछ।

## अनुसूची-४

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

## फलफूलको निजी नर्सरीहरुले माउबोट र रुटस्टकको विवरण राख्ने ढाँचा

मितिः

(क) फलफूलको माउबोट विवरण राख्ने ढाँचाः

| क.सं. | बिरुवाको किसिम | जात | ट्याग नं. | उमेर (वर्ष) | रोग, कीराको अवस्था | माउबोटको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

(ख) रुटस्टक बिरुवाको विवरण राख्ने ढाँचाः

| क.सं. | रुटस्टकको किसिम | जात | प्लट नं. | उमेर (वर्ष) | रोग कीराको अवस्था | रुटस्टकको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## निजी नर्सरी दर्ता निवेदन फाराम

श्री ...........(स्थानीय तहको नाम)

................(जिल्लाको नाम) मितिः

महोदय,

तपसिलमा लेखिए बमोजिमको नर्सरी दर्ता गरी पाऊँ। लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

<u>तपसिल</u>

१. समूह/सहकारी संस्था/कम्पनी/फर्मको पूरा नामः

२. पूरा ठेगानाः

३. समूह/सहकारी संस्था/कम्पनी/फर्मको उद्देश्यः

४. कुल पूँजीः

५. उत्पादन हुने बिरुवाको विवरणः

क)

ख)

ग)

६. व्यक्ति/समूह/सहकारी संस्था/कम्पनी/फर्मको नाममा हानीनोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुनेः

७. जग्गाको विवरणः

क) क्षेत्रफलः........ ख) उचाईः समुद्री सतहबाट........ मिटर

ग) मोहडा.............

८. उपलब्ध सुविधाः

(अ) बाटो (छ/छैन) (आ) विद्युत (छ/छैन)

(इ) सिंचाइ (छ/छैन) (ई) सिंचाइको प्रकारः मौसमी.... वर्षभरी....

निवेदकको दस्तखतः

नाम र ठेगानाः

सम्पर्क नं.-

| बुढी औंलाको सहिछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**निवेदनसाथ पेश गरेको कागजातहरुः**

१.जग्गाधनीपूर्जाको प्रतिलिपि/लिज करारको प्रतिलिपि

२.नर्सरी सम्बन्धी तालिम लिएको प्रमाणपत्र

३.माटो परीक्षणको प्रमाणपत्र

४.नर्सरी सञ्चालन कार्ययोजना

५.फर्म/कम्पनी सञ्चालकको पासपोर्ट साइजको २ प्रति फोटो

## अनुसूची-६

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

**..................म.न.पा/उ.म.न.पा./न.पा./गा.पा.**

**फलफूल नर्सरी दर्ताको प्रमाणपत्र**

फोटो/संस्था को छाप

श्री ............................

....................................

यस कार्यालयमा मिति ............................. मा प्राप्त निवेदन उपर कारबाही हुँदा ...................गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका, वडा नं. ....... मा स्थापना हुने....................................................नर्सरीलाई **"फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८०"** बमोजिम तोकिएका गुणस्तर मापदण्ड तथा अन्य शर्तहरु पालना गर्ने गरी दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

प्रोप्राईटरको नाम:
नर्सरीको नाम:
ठेगानाः
कुल पूँजीः
उद्देश्यः
मितिः

उत्पादन गर्ने फलफूल बाली :
क) हिउँदे फलफूल ☐
ख) वर्षे फलफूल ☐
ग) सुन्तलाजात फलफूल ☐
घ) अन्य ☐

दर्ता अधिकारीको
सहीः
नाम, थरः
पदः
मितिः

**अनुसूची-७**

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

..............................मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र........

**फलफूल बिरुवा उत्पादन र बिक्री वितरणको अनुमतिपत्र**

मिति..........................मा ..............................गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिकामा दर्ता भएको ....................................नर्सरीलाई **"फलफूल नर्सरी व्यवस्थापन (स्थापना तथा सञ्चालन) निर्देशिका, २०८०"** बमोजिम सूचीकरण गरी बिरुवा उत्पादन र बिक्री वितरण गर्न यो अनुमतिपत्र दिईएको छ।

प्रोप्राईटरको नाम:

नर्सरीको नाम:

ठेगानाः

कुल पूँजीः

उद्देश्यः

मितिः

उत्पादन अनुमति प्राप्त फलफूल बाली

क) हिउँदे फलफूल ☐

ख) वर्षे फलफूल ☐

ग) सुन्तलाजात फलफूल ☐

घ) अन्य ☐

............................

प्रमुख

**नवीकरण सम्वन्धी विवरण**

| नवीकरण मिति | प्रमाण पत्र वहाल रहने मिति | नवीकरण दस्तुर | भौचर नं. र मिति | प्रमुखको दस्तखत र मिति | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची-८

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

## निजी नर्सरीहरुले उत्पादन तथा बिक्री वितरण गरेको बिरुवाको विवरण राख्ने ढाँचा

**वर्षः**

**(क) नर्सरीमा उत्पादन भएको फलफूल बिरुवाको विवरणः**

| क्र.सं. | बिरुवाको किसिम | जात | उत्पादन गरेको बिरुवा संख्या | | | जम्मा संख्या | बिक्रीयोग्य बिरुवा संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कलमी बिरुवा | बिजु बिरुवा | अन्य | | कलमी बिरुवा | बिजु बिरुवा | अन्य* | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**(ख) फलफूल बिरुवा बिक्री वितरण अभिलेखः**

| क्र. सं. | बिक्री मिति | खरिद गर्ने व्यक्ति / संस्थाको नाम र ठेगाना | फलफूलको नाम | जात | बिक्री गरिएको बिरुवा संख्या | | | | बिरुवाको मूल्य (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कलमी बिरुवा | बिजु बिरुवा | अन्य* | जम्मा बिक्री संख्या | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटः अन्य* भन्नाले कलमी बाहेक अन्य वानस्पतिक तरिकाबाट उत्पादित बिरुवा/बेर्ना बुझ्नुपर्छ।

आज्ञाले,
सहदेव प्रसाद हुमागाई
प्रदेश सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु.५०।-